**म.प.बै.सं. १६/०८३**

**संवत् २०८३ साल असार ०५ गतेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सहन्यायाधिवक्ता श्री गोविन्द उपाध्यायले दिनुभएको राजीनामा स्वीकृत गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सार्वजनिक खरिद ऐन, २०६३ लाई संसोधन गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिने।

४. अर्थ मन्त्रालयः नेपाल धितोपत्र बोर्डको अध्यक्ष पदमा डा. गोपाल प्रसाद भट्ट, कैलालीलाई नियुक्ति गर्ने।

५. अर्थ मन्त्रालयः सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिने।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल विद्युत प्राधिकरणलाई काभ्रे वितरण केन्द्रको भवन निर्माण प्रयोजनका लागि नमोबुद्ध नगरपालिकामा करिब १० आना निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल विद्युत प्राधिकरणलाई ईटहरी वितरण केन्द्रका लागि कार्यालय भवन निर्माण गर्न सुनसरी जिल्ला, वराहक्षेत्र नगरपालिकामा करिव दुई विगहा निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

८. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल विद्युत प्राधिकरणलाई धौबादी-मेघौली प्रसारण लाइन आयोजनाको लागि चितवन जिल्ला, भरतपुर महानगरपालिकामा करिब ०.३८२५ हेक्टर निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल इन्जिनियरिङ सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीका सि.डि.इ. श्री अमन चित्रकारलाई अवकासपूर्व एक श्रेणी माथिको पदमा बढुवा गरी राजीनामा स्वीकृत गर्ने।

१०. कृषि, वन तथा पर्यावरण मन्त्रालयः नेपाल सरकार र भारत सरकारबिच हस्ताक्षर हुने पशुपन्छी तथा मत्स्य क्षेत्रमा सहकार्य सम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने।

११. कृषि, वन तथा पर्यावरण मन्त्रालयः चितवन राष्ट्रिय निकुञ्ज कार्यालयमा कार्यरत माहुत श्री हरेकृष्ण चौधरीलाई सेवा अवधि थप गरी अवकाश दिने।

१२. कृषि, वन तथा पर्यावरण मन्त्रालयः सिन्धुली र गोरखा जिल्लाको हैसियत बिग्रिएको राष्ट्रिय वनको जग्गा कबुलियती वनको रूपमा उपलब्ध गराउन स्वीकृति दिने विषयको नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०३/२३ को निर्णयसाथ संलग्न अनुसूचीहरूको सर्त संशोधन गर्न स्वीकृति दिने।

१३. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ खारेज गर्ने।

१४. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सहकारी सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने।

१५. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः बचत तथा ऋण सहकारी (नियमन तथा सुपरीवेक्षण) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने।

१६. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः गुठी संस्थानको प्रशासक छनोट तथा नियुक्तिको लागि सिफारिस सम्बन्धी मापदण्ड, २०८३ स्वीकृत गर्ने।

१७. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोललाई इजरायलको तेल अवीवमा २०८३ असार ७ देखि ११ गतेसम्म हुने MuniExpo 2026, The International Municipal Conference (MuniWorld) कार्यक्रममा सहभागी हुन स्वीकृति प्रदान गर्ने।

१८. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ को प्रतिस्थापन विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।**

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

१९. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयः स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिने।

२०. रक्षा मन्त्रालयः राष्ट्रिय सेवा दलसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने।

२१. मन्त्रिपरिषद्का समितिहरूमा हेरफेर गरी पुनर्गठन गर्ने।

**म.प.बै.सं. १७/०८३**

## संवत् २०८३ साल असार १२ गतेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः २०८३ साउन ११ देखि १५ गतेसम्म Brunei Darussalam मा आयोजना हुने APG (Asia Pacific Group on Money Laundering) Annual Meeting & Technical Assistance Forum मा सहभागी हुन सचिव श्री पुष्कर सापकोटालाई स्वीकृति प्रदान गर्ने।

२. कृषि, वन तथा पर्यावरण मन्त्रालयः सशस्त्र प्रहरी बल, नेपालको तालिम शिक्षालय, गुल्महरू तथा प्रस्तावित सिमा सुरक्षा पोष्टहरूको लागि कैलालीलगायतका चौध जिल्लाका राष्ट्रिय वनको जग्गा प्रयोग (भू-उपयोग परिवर्तन) गर्न स्वीकृति दिने।

३. पूर्वाधार विकास मन्त्रालयः सहसचिव (प्रा.) श्री प्रभात कुमार झाको राजीनामा स्वीकृत गर्ने।

४. विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयका सचिव श्री प्रमिला देवी बज्राचार्यले सेवा अवधिको कारणबाट मिति २०८३।०३।१७ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

५. निर्वाचन आयोगका सचिव श्री मधु सुदन बुर्लाकोटीले सेवा अवधिको कारणबाट मिति २०८३।०३।२१ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव श्री चिरञ्जिवी चटौतले उमेर हदको कारणबाट मिति २०८३।०३।१५ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

**म.प.बै.सं. १८/०८३**

## संवत् २०८३ साल असार १८ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मानव अधिकारसम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना (आ.व. २०८३/८४-२०८७/८८) स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रधानमन्त्री कार्यसम्पादन एकाई (सञ्चालन तथा व्यवस्थापन) दिग्दर्शन, २०८३ स्वीकृत गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सार्वजनिक खरिद पुनरावलोकन समितिको अध्यक्ष पदमा श्री सुशिल चन्द्र तिवारी तथा सदस्य पदमा श्री महेश अर्याल र श्री थानेश्वर गौतमलाई नियुक्त गर्ने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय प्रतिबद्धता स्वीकृत गर्ने।

५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेहरूका लागि एकीकृत प्याकेज स्वीकृत गर्ने।

६. अर्थ मन्त्रालयः मानव संशाधन विकास छात्रवृत्ति परियोजनाको लागि जापान सरकारबाट प्राप्त हुने जापानी येन ४१० मिलियन अनुदान सहायता स्वीकार गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

७. अर्थ मन्त्रालयः Integrated Water Supply and Sewerage Management (Sector) Project का लागि एसियाली विकास बैंकबाट प्राप्त हुने ११५ मिलियन अमेरिकी डलर ऋण सहायता स्वीकार गर्ने।

८. अर्थ मन्त्रालयः दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहायता भन्सार तथा लजिस्टिक्स सुधार कार्यक्रमको लागि एसियाली विकास बैंकबाट बजेटरी सहायताको रूपमा प्राप्त हुने ५० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण स्वीकार गर्ने।

९. अर्थ मन्त्रालयः अर्थ सम्बन्धी केही नेपाल कानूनलाई संशोधन र खारेज गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने।

१०. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः उदयपुर सिमेण्ट उद्योग लिमिटेडको चुनढुंगा एवं रातोमाटो उत्खनन अनुमतिपत्र जारी गर्न स्वीकृति दिने।

११. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः हेटौंडा कपडा उद्योगको परीक्षण उत्पादनका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

१२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः रानी जमरा कुलरिया सिंचाइ व्यवस्थापन कम्पनी संस्थापना गर्न स्वीकृति प्रदान गर्ने।

१३. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल न्याय सेवा, न्याय समूह, राजपत्राङ्कित प्रथम श्रेणीका उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासका रजिष्ट्रार श्री इन्द्रबहादुर कार्कीको राजीनामा स्वीकृत गर्ने।

१४. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः सामुद्रिक कानूनसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गतको राष्ट्रिय क्षेत्राधिकार भन्दा बाहिरका सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगसम्बन्धी सम्झौता अनुमोदनका लागि संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने।

१५. गृह मन्त्रालयः आठजना प्रहरी अतिरिक्त महानिरीक्षकहरूको सरुवा गर्ने।

१६. गृह मन्त्रालयः २०८३ असार ३० देखि साउन २ गतेसम्म बेलायतमा आयोजना हुने Performance Management र Skills Development सम्बन्धी peer-to-peer अनुभव आदान प्रदान कार्यक्रममा प्रहरी महानिरीक्षक श्री दान बहादुर कार्कीलाई सहभागी हुन स्वीकृति दिने।

१७. गृह मन्त्रालयः कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१८. गृह मन्त्रालयः फौजदारी कसूर (कैद कट्टा) (चौथो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१९. पूर्वाधार विकास मन्त्रालयः विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समितिको कार्यकारी निर्देशक पदमा श्री धर्मराज खड्का, धनकुटालाई नियुक्ति गर्ने।

२०. पूर्वाधार विकास मन्त्रालयः आ.व २०८२/८३ को लागि नारायणघाट-लोथर-हेटौंडा सडक योजना (पूर्वी खण्ड) र नारायणघाट-लोथर-हेटौंडा सडक योजना (पश्चिम खण्ड) को लागि आवश्यक अधिकृतस्तरका आठ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

२१. पूर्वाधार विकास मन्त्रालयः आर्थिक वर्ष २०८१/०८२ सम्म सोही आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी विनियोजित बजेट भन्दा बढीको ठेक्का व्यवस्थापन भई दायित्व सिर्जना भएको तर सोही आर्थिक वर्ष भित्र सम्पन्न हुन नसकेका निर्माणाधीन अवस्थामा रहेका ३६ वटा सडक योजनाको दायित्व व्यवस्थापन गर्नको लागि पूर्वाधार विकास मन्त्रालयको खर्च हुन नसकेको बजेटबाट रकमान्तर गर्न विनियोजन ऐन, २०८२ को दफा ११ (१) बमोजिम आदेश जारी गर्ने।

२२. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सहकारी (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

२३. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः कमैया श्रम (निषेध गर्ने) सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।

२४. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः निजामती सेवा नियमावली, २०५० को नियम ११० र १११ बमोजिमको प्रक्रिया एवं कार्यविधि पूरा गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) मा नीहित अधिकार विभागीय मन्त्रीले प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गर्ने।

२५. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका १५ जना सहसचिवहरूको सरुवा गर्ने।

२६. रक्षा मन्त्रालयः २०८३ भदौ १५ देखि १७ गतेसम्म क्यानाडाको भिक्टोरियामा सञ्चालन हुने 2026 Annual Chiefs of Defense (CHOD) Conference मा उपरथी पवन राज घिमिरेलाई सहभागी हुन स्वीकृति दिने।

२७. रक्षा मन्त्रालयः संयुक्त राज्य अमेरिकाको Honolulu, Hawaii मा २०८३ साउन २५ देखि २७ गतेसम्म आयोजना हुने Land Force Talks (LFT) को सातौं बैठकमा सहभागी हुन उपरथी अनुप जङ्ग थापाको नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने।

२८. रक्षा मन्त्रालयः UNDOF मिसन, सिरियामा Deputy Force Commander (DFC) पदमा कार्यरत रहन नेपाली सेनाका सहायक रथी (हाल उपरथी) माधव थापालाई स्वीकृति प्रदान गर्ने।

२९. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका महासेनानी सुमन खड्कालाई सोही सेवाको सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

३०. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका पैंतालिस जना महासेनानीहरूको सरुवा गर्ने।

३१. शिक्षा तथा खेलकुद मन्त्रालयः चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा प्रा. डा. देवेन्द्रबहादुर खत्री, काठमाडौंलाई नियुक्ति गर्ने।

३२. शिक्षा तथा खेलकुद मन्त्रालयः सहसचिव श्री रुद्र प्रसाद अधिकारीको राजीनामा स्वीकृत गर्ने।

३३. शिक्षा तथा खेलकुद मन्त्रालयः शिक्षा (दशौं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।

३४. सूचना तथा सञ्चार मन्त्रालयः नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष तथा सदस्य पदमा नियुक्तिको लागि नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ जेठ ५ को बैठकको निर्णयानुसार गठित सिफारिस समितिको म्याद २०८३ असार २९ सम्म थप गर्ने।

३५. सूचना तथा सञ्चार मन्त्रालयः सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदमा श्री देवराज ढुंगाना, मोरङलाई नियुक्ति गर्ने।

३६. सूचना तथा सञ्चार मन्त्रालयः गोरखापत्र संस्थानको रिक्त महाप्रबन्धक पदमा श्री हिक्मत बहादुर रावल, कैलालीलाई नियुक्ति गर्ने।

३७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय सदाचार नीति, २०८३ स्वीकृत गर्ने।

३८. सूचना तथा सञ्चार मन्त्रालयः राष्ट्रिय विज्ञापन नीति, २०८३ स्वीकृत गर्ने।

३९. राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव डा. कृष्णहरि पुष्करले सेवा अवधिको कारणबाट मिति २०८३।०३।२४ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

४०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री खगेन्द्र प्रसाद नेपालले सेवा अवधिको कारणबाट मिति २०८३।०३।२८ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

४१. राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृत श्री शोभाकान्त पौडेललाई महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालयबाट प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशमा सरुवा गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

म.प.बै.सं. १९/०८३

संवत् २०८३ साल असार २४ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. कृषि, वन तथा पर्यावरण मन्त्रालयः सुपर दोर्दी जलविद्युत आयोजना ख को १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजना निर्माणका लागि लमजुङ जिल्लाको दोर्दी, गाउँपालिको वडा नं; ६ र ७ मा रहेको राष्ट्रिय वन क्षेत्रको कूल ५.०३ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

२. कृषि, वन तथा पर्यावरण मन्त्रालयः सुपर सेती जलविद्युत आयोजना निर्माणका लागि कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वडा नं. १ मा पर्ने अन्नपूर्ण संरक्षण क्षेत्रअन्तरगत रहेको राष्ट्रिय वनको ४.८५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

३. कृषि, वन तथा पर्यावरण मन्त्रालयः लाङटाङ खोला जलविद्युत आयोजनाको १३२ के. भि. प्रसारण लाइन निर्माणका लागि रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिका वडा नं. ५ र आमाछोदिङमो गाउँपालिका वडा नं. ४ मा रहेको ४.४४९८ हेक्टर राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

४. कृषि, वन तथा पर्यावरण मन्त्रालयः राष्ट्रिय कृषि नीति, २०८३ स्वीकृत गर्ने।

५. कृषि, वन तथा पर्यावरण मन्त्रालयः नेपाल विद्युत प्राधिकरणबाट प्रस्तावित हेटौंडा ढल्केबर ४०० के.भी. विद्युत प्रसारण लाइन आयोजनाको मकवानपुर खण्डको Alignment परिवर्तनको लागि हेटौंडा उपमहानगरपालिकाको वडा नं.१५ र बकैया गाउँपालिकाको वडा नं. २ मा रहेको २.२ हेक्टर राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

६. पूर्वाधार विकास मन्त्रालयः फोहोरमैला व्यवस्थापनसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिने।

७. पूर्वाधार विकास मन्त्रालयः अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिको कार्यावधि २०८८ असार मसान्तसम्म थप गर्ने।

८. पूर्वाधार विकास मन्त्रालयः काठमाडौं उपत्यका विकास प्राधिकरणको विकास आयुक्त पदमा श्री सुरज शाक्य, काठमाडौंलाई नियुक्ति गर्ने।

९. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका दुईजना महासेनानीलाई सोही सेवाको सहायक रथी दर्जामा बढुवा गर्ने।

१०. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका नौ जना प्रमुख सेनानीहरूलाई महासेनानी दर्जामा बढुवा गर्ने।

११. शिक्षा तथा खेलकुद मन्त्रालयः विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली, २०८३ स्वीकृत गर्ने।

१२. शिक्षा तथा खेलकुद मन्त्रालयः शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ स्वीकृत गर्ने।

१३. शिक्षा तथा खेलकुद मन्त्रालयः गेटा अस्पताल, कैलालीलाई शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको शिक्षण अस्पतालको रूपमा सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने।

१४. सूचना तथा सञ्चार मन्त्रालयः प्रेस काउन्सिलको अध्यक्ष पदमा श्री उमेश श्रेष्ठ, काठमाडौंलाई नियुक्ति गर्ने।

१५. सूचना तथा सञ्चार मन्त्रालयः नेपाल दुरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा श्री अर्जुन घिमिरे, अर्घाखाँचीलाई नियुक्ति गर्ने।

१६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजना (२०८२/८३-२०८७/८८) स्वीकृत गर्ने।

१७. गृह मन्त्रालयः कारागार नियमावली, २०८३ स्वीकृत गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

१८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मानव अधिकारसम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना (आ.व. २०८३/८४-२०८७/८८) स्वीकृत गर्ने।

१९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः निजी लगानी संरक्षण तथा प्रवर्धन रणनीति स्वीकृत गर्ने।

२०. पूर्वाधार विकास मन्त्रालयः राष्ट्रिय यातायात नीति, २०८३ स्वीकृत गर्ने।

२१. नेपाल सरकारका मुख्यसचिव श्री सुमनराज अर्यालले उमेर हदको कारण मिति २०८३।०३।२६ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

२२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री गोविन्द बहादुर कार्कीलाई मिति २०८३।०३।२६ देखि लागु हुने गरी नेपाल सरकारको मुख्यसचिव पदमा बढुवा गर्ने।

**म.प.बै.सं. २०/०८३**

## संवत् २०८३ साल असार ३० गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सार्वजनिक खरिद (पन्ध्रौ संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।

२. अर्थ मन्त्रालयः फलफूल तथा तरकारी मूल्य शृङ्खला विकास आयोजना, दोस्रो चरणको लागि कोरिया सरकारबाट प्राप्त हुने १० मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने।

३. अर्थ मन्त्रालयः विद्यालय शिक्षा क्षेत्र कार्यक्रम (School Education Sector Programme–SESP) का लागि युरोपियन युनियनबाट प्राप्त हुने EUR 8.85 Million अनुदान सहायता स्वीकार गर्ने।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल विद्युत प्राधिकरणलाई सबस्टेशन निर्माण गर्न चितवन, नवलपरासी (बर्दघाट सुस्तापूर्व) र नवलपरासी (बर्दघाट सुस्तापश्चिम) जिल्लाका भरतपुर म.न.पा. वडा नं.-४ र २७, मध्यविन्दु न.पा. वडा नं.-८ र सरावल गा.पा. वडा नं.-४ मा गरी कूल १९१९३.०८ वर्ग मिटर निजी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः संघीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को अनुसूचीमा हेरफेर गर्ने।

६. कृषि, वन तथा पर्यावरण मन्त्रालयः जेन जी आन्दोलनको क्रममा क्षति भएका काष्ठफल तथा फलफूल विकास आयोजना, केन्द्रीय आयोजना व्यवस्थापन एकाइ, कीर्तिपुरको सम्पत्ति मिनाहा गर्ने।

७. कृषि, वन तथा पर्यावरण मन्त्रालयः सुपर तमोर जलविद्युत आयोजना निर्माणका लागि कञ्चनजंघा संरक्षण क्षेत्र अन्तर्गतको फक्ताङलुङ गाउँपालिकाको वडा नं. ६ र ७ मा रहेको राष्ट्रिय वन क्षेत्रको कुल १३.१६ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

८. कृषि, वन तथा पर्यावरण मन्त्रालयः बीउ बिजन (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।

९. गृह मन्त्रालयः सशस्त्र प्रहरी बल, नेपालका विशेष प्रकृतिको High Altitude Search and Rescue तथा Deep Water Diving (गोताखोर) तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरूलाई सम्बन्धित दर्जाको तलब स्केलको १५ प्रतिशतका दरले मासिक जोखिम भत्ता उपलब्ध गराउने। साथै, विपद् तथा दुर्घटनाको समयमा उद्दार कार्यमा खटिने सशस्त्र प्रहरी कर्मचारीलाई विपद्जन्य उद्दार कार्यमा खटिएको दिनमा प्रतिदिन रू.५००।- का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने।

१०. गृह मन्त्रालयः २०८३ असार ३२ गते भारतको नयाँ दिल्लीमा आयोजना हुने 5th BIMSTEC National Security Chiefs (BNSCs) को बैठकमा नेपाली प्रतिनिधिमण्डलको प्रमुखको रूपमा सहभागी हुन गृह मन्त्रालयका सचिव श्री राजकुमार श्रेष्ठलाई स्वीकृति प्रदान गर्ने।

११. गृह मन्त्रालयः जेन-जी आन्दोलनसँग सम्बन्धित घटनामा फौजदारी अभियोजन भएका मुद्दा फिर्ता गर्न सकिने नसकिने सम्बन्धमा छानबिन गरी सिफारिससहितको प्रतिवेदन पेस गर्न उच्च अदालतको पूर्वन्यायाधिश श्री बाबुराम रेग्मीको अध्यक्षतामा तीन सदस्यीय छानबिन समिति गठन गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।**

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

१२. पूर्वाधार विकास मन्त्रालयः सर्वोच्च अदालतबाट रिट नं. ०८१-WO-१२३८ को मुद्दामा मिति २०८२।१०।१३ मा भएको परमादेशको आदेशबमोजिम मदन भण्डारी राजमार्ग योजनाअन्तर्गत उदयपुर जिल्ला साविक कटारी गा.वि.स. वडा नं. १/ख को कित्ता नं. ५४ को ०-८-११-० विघा जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने।

१३. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः रुस-नेपाल सहयोग तथा मैत्री समाजको सहकार्यमा २०८३ साउन १ देखि १० गतेसम्म नेपाल र रुसी महासंघबिच कुटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पुगेको अवसरमा मस्कोस्थित नेपाली राजदूतावासमा आयोजना हुने समारोहलगायतको कार्यक्रममा सहभागी हुन ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनलाई स्वीकृति प्रदान गर्ने।

१४. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवातर्फका बिस जना सहायक रथीहरूको सरुवा गर्ने।

१५. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, विविध मेडिकल ट्रेड उपसमूहका महासेनानी रमा सुब्बालाई सोही सेवा, समूह तथा उपसमूहको सहायक रथी दर्जामा बढुवा गरी गर्ने।

१६. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी द्रव्यराम भण्डारीको पदावधि थप गर्ने।

१७. शिक्षा तथा खेलकुद मन्त्रालयः अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक हासिल गरेका खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो र व्यवस्थापक गरी १०१ जनालाई नगद पुरस्कार तथा सम्मान पत्र प्रदान गर्न स्वीकृति दिने।

१८. सूचना तथा सञ्चार मन्त्रालयः २०८२ भदौ २३ र २४ गतेको Gen-Z आन्दोलनका क्रममा हुलाक निर्देशनालय, पोखरा र जिल्ला हुलाक कार्यालय, बाँकेमा क्षति भएको सम्पत्ति तथा जिन्सी मालसामानहरू मिनाहा गर्ने।

१९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः दक्षिण कोरियाको बुसानमा आयोजना हुने UNESCO World Heritage Committee को ४८ औं सेसनमा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री मुकुन्द प्रसाद निरौलाको २०८३ साउन ३ देखि ९ गतेसम्मको भ्रमण स्वीकृत गर्ने।

२०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः नेपाल वायुसेवा निगम सञ्चालक समिति अध्यक्ष श्री महेश्वर भक्त श्रेष्ठलाई महाप्रबन्धकको काम, कर्तव्यसमेत सुम्पी नेपाल वायुसेवा निगमको कार्यकारी अध्यक्ष नियुक्ति गर्ने।

२१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री किरणराज शर्माले सेवा अवधिको कारणबाट मिति २०८३।०४।०४ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

२२. अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट उच्च अदालतका पूर्व न्यायाधीश श्री बाबुराम रेग्मीको अध्यक्षतामा गठन भएको अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०८१ र विशेष अदालतका पूर्व अध्यक्ष श्री गौरी बहादुर कार्कीको अध्यक्षतामा गठन भएको अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९ ले पेश गरेका प्रतिवेदनहरू सार्वजनिक गरी तत्काल कार्यान्वयन गर्ने।

२३. मित्रराष्ट्र कतारका पूर्वअमिर His Highness the Father Amir Sheikh Hamad bin Khalifa Al Thani को १२ जुलाई २०२६ का दिन कतारको दोहामा असामयिक निधन भएकोमा नेपाल सरकार गहिरो दुःख व्यक्त गर्दै स्वर्गीय पूर्वअमिरको दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्ने। यस दुःखद् घडीमा कतार सरकार, कतारका जनता एवं शोक सन्तप्त कतारका राजपरिवार प्रति नेपाल सरकार हार्दिक समवेदना व्यक्त गर्दछ। साथै, पूर्वअमिरको निधनमा शोक मनाउन २०८३ असार ३० गतेका दिन नेपालभरका सबै सरकारी कार्यालयहरू र नेपाली राजदूतावास, दोहामा राष्ट्रिय झण्डा आधा झुकाउनेसम्बन्धी गृह मन्त्रालयको मिति २०८३।०३।२९ को निर्णयको समर्थन गर्ने।

द्रष्टव्य: निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

२४. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरू श्री डिल्लीराम शर्मा, श्री कृष्णबहादुर राउत, श्री नारायणप्रसाद शर्मा दुवाडी, श्री विश्वबाबु पुडासैनी, श्री राधिका अर्याल र श्री दिनानाथ मिश्रको सरुवा गर्ने।

**म.प.बै.सं. २१/०८३**

**संवत् २०८३ साल असार ३२ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः Gen-Z आन्दोलनको क्रममा क्षति भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सवारी साधन, जिन्सी मालसामानहरू तथा भौतिक सम्पत्ति मिनाहा गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८३ स्वीकृत गर्ने।

३. अर्थ मन्त्रालयः नेपाल राष्ट्र बैंकलाई रू. १ र रू. २ को नयाँ सिक्का टक्मरी गर्न स्वीकृति दिने।

४. अर्थ मन्त्रालयः नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

५. अर्थ मन्त्रालयः नेपाल कानून सूचना पाइलट प्रणाली स्थापनाका लागि कोरिया सरकारबाट प्राप्त हुने १.८१ मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने।

६. कृषि, वन तथा पर्यावरण मन्त्रालयः जेन-जी आन्दोलनको क्रममा क्षति भएका कृषि, वन तथा पर्यावरण मन्त्रालयको सवारी साधन, जिन्सी मालसामानहरू तथा भौतिक सम्पत्ति मिनाहा गर्ने।

७. कृषि, वन तथा पर्यावरण मन्त्रालयः वरिष्ठ बाली विकास अधिकृत डा. प्रकाश आचार्यलाई SAARC Agriculture Centre, Dhaka मा Senior Program Specialist पदमा काजमा खटाउने।

८. कृषि, वन तथा पर्यावरण मन्त्रालयः भोटेकोशी-१ जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको लागि सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका वडा नं. ४ स्थित गौरीशंकर संरक्षण क्षेत्रअन्तर्गत रहेको राष्ट्रिय वन क्षेत्रको १.७९२३ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

९. कृषि, वन तथा पर्यावरण मन्त्रालयः नेपाल सरकार, मन्त्रिपरिषद्बाट संरक्षित क्षेत्र भित्रको राष्ट्रिय वनक्षेत्रको प्रयोग गर्न र उक्त वनक्षेत्रमा रहेका रूख/पोल हटाउन स्वीकृति दिइएकोमा सोक्षेत्र भित्र थप रूख/पोल हटाउनु पर्नेभएमा प्रचलित कानूनी प्रक्रिया पूरा गरी मन्त्रालयले स्वीकृति दिन सक्ने।

१०. गृह मन्त्रालयः २०८३ साउन ४ र ५ गते थाइल्याण्डको बैंककमा आयोजना हुने Regional Summit on Scam Centre Compounds and Transnational Organized Crime विषयक कार्यक्रममा सहभागी हुन प्रहरी महानिरीक्षक श्री दान बहादुर कार्कीलाई स्वीकृति दिने।

११. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणबाट कटौती हुने नेपाल सरकारका विभिन्न मन्त्रालय र मातहतका कार्यालयमा स्वीकृत दरवन्दीमा करारमा कार्यरत कर्मचारीहरूको व्यवस्थापन गर्ने।

१२. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्तर्गतका निकायको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

१३. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र न्याय सेवा तालिम केन्द्रको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

१४. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्गतका कार्यालयहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

१५. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सूचना तथा सञ्चार मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

१६. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः रक्षा मन्त्रालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

१७. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

१८. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः युवा, श्रम तथा रोजगार मन्त्रालय र अन्तर्गतका निकायको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

१९. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तर्गतका निकायको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

२०. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः शिक्षा तथा खेलकुद मन्त्रालय र अन्तर्गतका निकायको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

२१. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

२२. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

२३. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः पूर्वाधार विकास मन्त्रालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

२४. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

२५. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः गृह मन्त्रालय र अन्तर्गतका निकायको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

२६. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः कृषि, वन तथा पर्यावरण मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

२७. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

२८. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः अर्थ मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

२९. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

३०. अनुचित लेनदेन (मिटरब्याज) बाट प्रभावित नागरिकको माग सम्बोधन गर्ने सम्बन्धमा नेपाल सरकारको तर्फबाट तत्काल वार्ता गरी समस्याको सम्बोधन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री पुष्कर सापकोटाको संयोजकत्वमा आन्तरिक राजस्व विभागका महानिर्देशक डा. भिष्मकुमार भुसाल; भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक श्री योगेन्द्र प्रसाद दुलाल सदस्य र गृह मन्त्रालयका सहसचिव श्री कालीप्रसाद पराजुली सदस्य-सचिव रहेको वार्ता टोली गठन गर्ने।

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू